# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वागदरवार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

## भवन निर्माण इजाजत विभागको
# सूचना!

काठमाडौं महानगरपालिकाद्वारा प्रथम पटक प्रकाशित मिति २०७५/०३/०४ मा घर नक्सा पास/निर्माण सम्पन्न सम्वन्धी सार्वजनिक सूचनाका सम्वन्धमा थप स्पष्टता हुन जरुरी भएकोले पुनः यो सूचना प्रकाशित गरिएको छ ।उक्त सूचना प्रचलित भवन निर्माण मापदण्ड तथा भवन संहिता अनुकूल हुने गरी तर नक्सा पास नगरी वा नक्सा पासमा हेरफेर गरी निर्माण भएका संरचनाहरुको हकमा मात्र लागु हुने व्यहोरा सम्वन्धीत सवैलाई सूचित गरिन्छ । भवन नक्सा दर्ता गर्न तथा निर्माण सम्पन्न सम्वन्धी विस्तृत जानकारीको लागि सम्वन्धीत वडा कार्यालय वा का.म.पा. भवन निर्माण इजाजत विभागमा तपसिल वमोजिम हुनेगरी सम्पर्क गर्नुहुन वा www.kathmandu.gov.np मा हेर्न समेत सकिने व्यहोरा अनुरोध छ ।

- प्रचलित मापदण्ड तथा भवन संहिता अनुसार हुने गरी तर स्वीकृती नलिई निर्माण गरेको संरचनाको हकमा भवनको नक्सा स्वीकृती लिने प्रकृयामा जाने ।
- प्रचलित मापदण्ड अनुसार पूर्व स्वीकृत नक्साको कुल क्षेत्रफलको १०% क्षेत्रफलसम्म थप निर्माण भएकोमा भवनको थप क्षेत्रफल खुलेको Plan पेश गरी नियमानुसारको दस्तुर तीरी निर्माण सम्पन्न प्रमाण पत्रको प्रकृयामा जाने ।
- स्वीकृत कुल क्षेत्रफलको १० % क्षेत्रफल भन्दा बढी निर्माण गरेको तर मापदण्ड पुरा गरेको हकमा नक्सा पास/तल्लाथप सम्वन्धी प्रकृयामा जाने ।
- निर्माण सम्पन्नको निवेदन फाराम भवन निर्माण इजाजत विभाग वा वडा कार्यलयवाट प्राप्त हुनेछ ।
- उपरोक्त वमोजिमको निवेदन वडा कार्यालय वा केन्द्रिय कार्यालयमा प्रथम पटक प्रकाशित मितिले ३५ दिन भित्र पेश गर्नु पर्ने ।